कार्यपालिका बैठकः ०२

मिति २०८३ साल भदौ १६ गते मंगलबार

कार्यपालिकाका निर्णयहरु

<table>
<tr><th>सि.नं.</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>समिक्षा सम्बन्धमा।</td><td>२०८३।०४।१४ गतेको पहिलो कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो।</td></tr>
<tr><td>२</td><td>आर्थिक सहयोग सम्बन्धमा।</td><td>मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको विनासकारी बाढीका कारण भएको जनधनको क्षतिप्रति कनकाई नगरपालिकाले दुःख व्यक्त गर्दै ज्यान गुमाउनुहुने नागरिकहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण साथै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गरियो। उक्त बाढीबाट प्रभावित नागरिकहरुको राहत तथा पुनर्स्थापनामा सहयोग पुर्याउने उद्देश्यले कनकाई नगरपालिकाले देहाय बमोजिम रकम संकलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. सहयोग रकम उपल्ध गराउने निर्णय गरियो।
<table>
<tr><th>क्र.स.</th><th>पदाधिकारी/कर्मचारी</th><th>रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>विपद् व्यवस्थापन कोष</td><td>रु.५००,०००।-</td><td>नगरपालिकाको कोष</td></tr>
<tr><td>२</td><td>जनप्रतिनिधिहरु मार्फत</td><td>रु.१,३६,६००।-</td><td>प्रत्येक जनप्रतिनिधिहरुबाट आफ्नो मासिक सेवा सुविधाको २० प्रतिशतले हुन आउने रकम।</td></tr>
<tr><td>३</td><td>कर्मचारीहरु मार्फत</td><td>रु.९,२६,४७२।–</td><td>अधिकृतस्तरका कर्मचारीहरुले ७ दिनको, सहायकस्तरका कर्मचारीहरुले ५ दिनको र श्रेणी विहिन/सहयोगी कर्मचारीहरुले २ दिनको तलब।</td></tr>
<tr><td>४</td><td>शिक्षकहरु मार्फत</td><td>रु.१५,७८,५३०।-</td><td>माध्यमिक तहका शिक्षकहरुको ७ दिनको, निम्न माध्यमिक/प्राथमिक तहका शिक्षकहरुको ५ दिनको र बालविकास शिक्षक/विद्यालय सहायक/सहयोगीहरुले २ दिनको तलब।</td></tr>
<tr><td>५</td><td>अन्य ( नेपाल रेडक्रस सोसाईटी सुरुङ्गा )</td><td>रु.१५,५००।-</td><td>नगरपालिका भित्रका विभिन्न संघसंस्था तथा व्यक्तिहरु मार्फत।</td></tr>
<tr><td colspan="2">जम्मा रकम रु</td><td colspan="2">३१,५७,१०२।– (एक तिस लाख सन्ताउन्न हजार पाँच सय दुई मात्र ।-)</td></tr>
</table></td></tr>
<tr><td>३</td><td>बिरिङ्ग खोलाको IEE प्रतिवेदन सम्बन्धमा।</td><td>कनकाई नगरपालिकाको आ.व. २०८३।८४ को आन्तरिक आय तर्फको बिरिङ्ग खोलाको नदीजन्य पदार्थ उत्खनन् तथा बिक्रिका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्नका लागि सम्झौता भएको परामर्शदाता इकोग्रिन कन्सल्टेन्सी प्रा.लि. बाट प्रतिवेदन प्रस्तुतिकरण भई छलफल गरी उक्त प्रतिवेदन स्विकृत गरियो। साथै प्रतिवेदन बमोजिमको ठेक्का आह्वान गर्ने निर्णय समेत गरीयो।</td></tr>
</table>